नेपाल सरकार

**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**

**(प्रधानमन्त्री रोजगार कार्यक्रम)**

सिंहदरवार, काठमाण्डौ, नेपाल
फोन नं. ०१-४२००४७७
फ्याक्स नं. ०१-४२११८७७
Email : info.pmep.np@gmail.com
Website: pmep.gov.np


प.सं. २०७७/७८
च.नं./PMEP/ ८२

मिति : २०७७/०६/०५

**श्री गाउँपालिका र नगरपालिका, सबै ।**

मार्फत: श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार ।

विषय : **बेरोजगार व्यक्तिहरुको विवरण EMIS मा प्रविष्ट गर्ने सम्बन्धमा ।**

प्रस्तुत विषयमा आ.ब.२०७७/७८ मा न्यूनतम रोजगारीमा खटिन बेरोजगार व्यक्तिको सूचिकरण २०७६ चैत्र मसान्तसम्म गर्ने व्यवस्था बमोजिम मन्त्रालयको च.नं. ११४ मिति २०७६/११/२१ को पत्रबाट सुचिकरणको लागि सूचना प्रकाशन गरिएकोमा कोरोना भाईरस (Covid 19) को कारण निवेदन संकलन तथा सूचिकरणमा असर परेकोले २०७७/४/८ गते देखि २०७७/५/७ गते सम्म सूचिकरणको लागि निवेदन दिने म्याद दिई पुन: सूचना प्रकाशनको लागि अनुरोध गरिएको व्यहोरा अवगत नै छ ।

निर्धारित समयमा संकलन भएका बेरोजगार व्यक्तिको विवरण सूचिकरण प्रकृयाका सम्पूर्ण चरणहरु पूरा गरी रोजगार व्यवस्थापन सूचना प्रणाली (EMIS) मा प्रविष्ट गर्न २०७७ भाद्र मसान्त सम्म तोकिएकोमा कतिपय स्थानीय तहबाट विवरण प्रविष्ट गरिएको, कतिपयबाट आंशिक मात्र प्रविष्ट गरेको, कतिपय स्थानीय तहबाट कुनै विवरण प्रविष्टि नभएको र कतिपय स्थानीय तहबाट रोजगार व्यवस्थापन सूचना प्रणाली (EMIS) मा प्रविष्ट गर्ने म्याद थपको लागि अनुरोध भई आएको छ ।

वर्तमान कोरोना भाईरस (Covid 19) ले पारेको प्रभाव र स्थानीय तहहरुबाट म्याद थपको लागि गरिएको अनुरोधलाई मध्यनजर गर्दै न्यूनतम रोजगारीमा खटिनको लागि गाउँपालिका/नगरपालिकामा निवेदन दिई सूचिकृत बेरोजगार व्यक्तिहरुको विवरण रोजगार व्यवस्थापन सूचना प्रणाली (EMIS) मा प्रविष्ट गर्ने कार्य २०७७ असोज २० सम्म सम्पन्न हुन मिति २०७७/०६/०५ को (मा.मन्त्री स्तरीय) निर्णयानुसार अनुरोध छ । सो समयभित्र EMIS मा प्रविष्ट भएका बेरोजगार व्यक्तिको संख्याको आधारमा चालु आ.ब. २०७७/७८ को थप रकम पठाईने व्यहोरा समेत अनुरोध गरिन्छ।

(पुनश्च: गत आ.ब.२०७६/७७ को प्रगति विवरण EMIS मा प्रविष्ट गर्न बाँकी रहेका गाउँपालिका/नगरपालिकाहरुलाई पूर्ण विवरण प्रविष्टिको लागि पुन: अनुरोध छ ।)

०६।०५

(किसान न्यौपाने)
शाखा अधिकृत